# विश्वविद्यालय अनुदान आयोग
# गुणस्तर सुधार कार्यक्रम
# २०६६

## कार्यक्रमको सूची


१. पुनर्ताजगी तालिम/तालिम कार्यक्रम
(Refresher Course/Training Program)
२. विद्वत्वृत्ति (Fellowship)
३. अनुसन्धान प्रवर्धन (Research Promotion)
४. अध्ययन/अध्यापन भ्रमण (Study / Teaching Visit)
५. गोष्ठी/कार्यशाला/सम्मेलन (Workshop/Conference/Seminar)
६. पुस्तकालय सुदृढीकरण तथा उपकरण अनुदान
(Library Strengthening and Equipment Grants)
७. भौतिक सुविधा विकास (Physical Facility Development)
८. अध्ययन सामग्री विकास (Teaching Material Development)



विश्वविद्यालय अनुदान आयोग
**University Grants Commission**
सानोठिमी, भक्तपुर
पोस्ट बक्स नं.: १०७९६, फोन: ६६३८५४८/६६३८५४९/६६३८५५०
फ्याक्स : ६६३८५५२
**Email : ugcnepal@edu.np**
**Website: www.ugcnepal.edu.np**



# विश्वविद्यालय अनुदान आयोग
# गुणस्तर सुधार कार्यक्रम
# २०६६


राष्ट्रिय आवश्यकता पूरा गर्न तथा विश्वव्यापीकरणको परिवेशलाई आत्मसात् गर्न उच्चशिक्षालाई समय सापेक्ष गराउनु आजको आवश्यकता रहेको छ । उच्चशिक्षामा समग्र गुणस्तर अभिवृद्धिका लागि विश्वविद्यालय अनुदान आयोगबाट पाठ्यक्रमको परिमार्जन र पुनर्ताजगीकरण, अध्ययन/अध्यापनमा संलग्न शिक्षकहरूको सीप , दक्षता, क्षमता अभिवृद्धि, अनुसन्धान संस्कृतिको विकास एवं विस्तार र उच्च शैक्षिक संस्थाहरूको शैक्षिक, प्राज्ञिक र भौतिक क्षमता अभिवृद्धिलाई दृष्टिगत गर्दै "गुणस्तर सुधार कार्यक्रमको कार्यविधि-२०६६" तर्जुमा गरिएको छ । विगतमा सञ्चालित कार्यक्रमहरूको समीक्षा गरी प्राप्त सुझाव र सल्लाहलाई मनन गर्दै देहायबमोजिमका गुणस्तर सुधार कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यी कार्यक्रमहरू आयोगको प्रत्यक्ष संलग्नतामा तथा सम्बन्धित संस्थाहरूको सहभागितामा सञ्चालन गरिनेछ ।

## १.पुनर्ताजगी तालिम/तालिम कार्यक्रम/अनुसन्धान विधि तालिम
## (Refresher Course/Training Program/Research Methodology Training)

यसअन्तर्गत निम्न लिखित कार्यक्रमहरू रहनेछन् :

### १.१ पुनर्ताजगी तालिम (Refresher Course)

विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा कार्यरत शिक्षकहरूलाई विषयगत पाठ्यक्रम/पाठ्यांशमा पुनर्ताजगी तालिम गराउनु, समय-समयमा परिवर्तन हुने पाठ्यक्रम तथा नयाँ अध्यापन विधिबारे अद्यावधिक गराउनु र पुनर्ताजगी ल्याउन सहयोग गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो । यी कार्यक्रमहरू विश्वविद्यालय/ विश्वविद्यालयका विषय-समिति, डीनको कार्यालय,

विभाग वा सम्बन्धित उच्च शैक्षिक निकायद्वारा सञ्चालन गरिनेछन् । यस्ता कार्यक्रमका लागि अनुदानका निमित्त निम्न लिखित प्रक्रियाबमोजिम आयोगको कार्यालयमा प्रस्ताव पेस गर्नुपर्नेछ :

- पुनर्ताजगी तालिम/कार्यशाला आयोजनाका लागि सम्बन्धित विश्वविद्यालय/विषयका विभाग/क्याम्पस/विषयगत निकायद्वारा प्रस्ताव तयार गरी आयोगको कार्यालयमा प्रस्ताव पेस गर्नुपर्नेछ र सो स्वीकृत भएमा सोही निकायद्वारा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- प्रस्तावका साथ सम्बन्धित डीन/केन्द्रीय विभागीय प्रमुख/क्याम्पस प्रमुखको सिफारिस संलग्न हुनुपर्नेछ ।
- कार्यक्रमको समयावधि सामान्यतया बढीमा तीन हप्ताको हुनुपर्नेछ ।
- कार्यक्रमको विषयवस्तु स्नातक/स्नातकोत्तर तहका पाठ्यक्रमसँग सम्बन्धित हुनुपर्नेछ ।
- कार्यक्रममा विश्वविद्यालयहरूअन्तर्गतका आङ्गिक/सम्बन्धनप्राप्त क्याम्पसका सम्बन्धित विषयका शिक्षकहरू सहभागी हुन सक्नेछन् ।
- स्वीकृत अनुदान निम्न लिखित प्रयोजनको निमित्त प्रयोग गर्न सकिनेछ :
    - ➢ तालिम/कार्यशालाका निमित्त आवश्यक शैक्षिक सामग्री
    - ➢ विशेषज्ञहरूको पारिश्रमिक
    - ➢ प्रतिवेदन तयारी
    - ➢ अन्य आवश्यक खर्च
- अनुदान रकम आयोगको सचिवालयले निर्धारण गरेबमोजिम हुनेछ ।
- यस कार्यका लागि अनुसूची - १ मा उल्लेख भएबमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेस गर्नुपर्नेछ ।

## १.२ तालिम कार्यक्रम (Training Program)

विश्वविद्यालय/विश्वविद्यालयका विषय-समिति, डीनको कार्यालय, विभाग वा सम्बन्धित उच्च शैक्षिक निकायद्वारा प्रस्ताव गरिएअनुसार शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नका लागि विविध प्रकारका तालिमहरू सञ्चालन गर्न सकिनेछ । यसका लागि निम्न लिखित प्रक्रियाबमोजिम आयोगमा प्रस्ताव पेस गर्नुपर्नेछ :

- प्रस्तावका साथ विश्वविद्यालय/सम्बन्धित डीन/केन्द्रीय विभाग प्रमुख/क्याम्पस प्रमुखको सिफारिस संलग्न हुनुपर्नेछ ।
- कार्यक्रममा विश्वविद्यालयहरू/अन्तर्गतका आङ्गिक/सम्बन्धनप्राप्त क्याम्पसका सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीहरू सहभागी हुन सक्नेछन् ।
- स्वीकृत अनुदान निम्न लिखित प्रयोजनको निमित्त प्रयोग गर्न सकिनेछः
    - ➢ तालिमका निमित्त आवश्यक शैक्षिक सामग्री
    - ➢ विशेषज्ञहरूको पारिश्रमिक
    - ➢ प्रतिवेदन तयारी
    - ➢ अन्य आवश्यक खर्च
    - अनुदान रकम आयोगको सचिवालयले निर्धारण गरेबमोजिम हुनेछ ।

## १.३ अनुसन्धान विधि तालिम (Research Methodology Training)

विश्वविद्यालय/विश्वविद्यालयका विषय-समिति, डीनको कार्यालय, विभाग वा सम्बन्धित उच्च शैक्षिक निकायद्वारा प्रस्ताव गरिएअनुसार शिक्षक क्षमता अभिवृद्धि गर्नका लागि अनुसन्धान विधि तालिम सञ्चालन गर्न सकिनेछ । यसका लागि निम्न लिखित प्रक्रियाबमोजिम आयोगमा प्रस्ताव पेस गर्नुपर्नेछ :

- प्रस्तावका साथ विश्वविद्यालय/सम्बन्धित डीन/केन्द्रीय विभाग प्रमुख/क्याम्पस प्रमुखको सिफारिस संलग्न हुनुपर्नेछ ।
- कार्यक्रममा विश्वविद्यालयहरू/अन्तर्गतका आङ्गिक/सम्बन्धनप्राप्त क्याम्पसका सम्बन्धित विषयका शिक्षक सहभागी हुन सक्नेछन् ।
- स्वीकृत अनुदान निम्न लिखित प्रयोजनको निमित्त प्रयोग गर्न सकिनेछः
    - ➢ तालिमका निमित्त आवश्यक शैक्षिक सामग्री
    - ➢ विशेषज्ञहरूको पारिश्रमिक
    - ➢ प्रतिवेदन तयारी
    - ➢ अन्य आवश्यक खर्च
    - अनुदान रकम आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

## २. विद्वत्वृत्ति (Fellowship)

क्याम्पसहरूमा अध्ययन गर्ने शिक्षकहरूको प्राज्ञिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विद्वत्वृत्ति प्रदान गरिनेछ ।

### २.१ पीएच्.डी. (Ph.D.) विद्वत्वृत्ति

शैक्षिक योग्यता अभिवृद्धि गरी उच्च गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस कार्यक्रमअन्तर्गत शिक्षकहरूको उच्च अध्ययनका लागि विद्वत्वृत्ति प्रदान गरिनेछ । यसअन्तर्गत छनोट हुनका लागि विश्वविद्यालय/सम्बन्धन प्राप्त क्याम्पसका स्थायी शिक्षकहरूले आफू आबद्ध निकायको सिफारिससाथ तोकिएबमोजिम आवेदन पेस गर्नुपर्नेछ । आवेदन दिने प्रक्रिया निम्नबमोजिम हुनेछ :

- विद्वत्वृत्तिका लागि आवेदन गर्दा अनुसूची-४ मा उल्लिखित ढाँचा अनुसारको फाराम भरी तत्सम्बन्धी सूचना बमोजिम निर्धारित अवधिभित्र पेस गर्नुपर्नेछ । म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुने छैन ।
- दरखास्त दस्तुर रु. १००।- लाग्नेछ । बैंङ्क ड्राफ्टमार्फत आवेदन दस्तुर बुझाउँदा "विश्वविद्यालय अनुदान आयोग"का नाममा रा.बा.बैङ्क, सानोठिमी शाखाबाट भुक्तानी पाउने गरी ड्राफ्ट खिच्नुपर्नेछ ।
- पीएच्.डी. अध्ययनार्थ विद्वत्वृतिका लागि आवेदन दिनेहरूको उमेरको हकमा आवेदनको अन्तिम मितिसम्म ५० वर्ष ननाघेको तर महिला/दलित तथा जनजातिका हकमा ५२ वर्ष ननाघेको स्थायी शिक्षक हुनुपर्नेछ ।
- यसअन्तर्गत स्वदेशी तथा सार्क क्षेत्रका विश्वविद्यालयहरूमा पीएच्.डी. अध्ययनका लागि विद्वत्वृत्ति उपलब्ध गराइनेछ ।
- पीएच्.डी. का लागि दर्ता/भर्ना नभएका शिक्षकले पनि आवेदन दिन सक्नेछन् । यस्ता शिक्षक मनोनयन भएमा मनोनयनको मितिले एक वर्ष भित्रमा विधिवत् नाम दर्ता गराई अध्ययन सुरु गरिसक्नुपर्नेछ । अन्यथा विशेष परिस्थितिमा बाहेक मनोनयन स्वतः रद्द भएको मानिनेछ ।
- वृत्ति प्राप्त गर्न सम्बन्धित विश्वविद्यालय/क्याम्पसले अध्ययन बिदा स्वीकृत गरेको पत्र पेस गर्नुपर्नेछ ।
- वृत्तिका लागि छनोटका निमित्त अन्तर्वार्ता लिइनेछ । सम्बन्धित शिक्षकको शैक्षिक योग्यतामा उत्तीर्ण श्रेणी, कृति प्रकाशन आदिका मूल्याङ्कन भारका अतिरिक्त अध्ययनका लागि प्रस्तावित विषय, सम्बन्धित विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र पेस भएको शोध प्रस्तावलाई समेत आधार मानी निर्धारित कोटा- बमोजिम योग्यताक्रमका आधारमा सूची प्रकाशित गरिनेछ ।
- बजेट उपलब्धताका आधारमा वृत्तिका लागि सीट सङ्ख्या निर्धारण गरिनेछ ।

निम्न उल्लेख भएबमोजिमका वृत्तिहरू उपलब्ध गराइनेछ :

(क) पीएच्.डी.का लागि विद्वत्वृत्तिबापत महिनाको रु. ४,५००/- प्रदान गरिनेछ ।

(ख) स्थलगत अध्ययन भ्रमण (Field Study) मा जानुपर्दा सुपरभाइजरको सिफारिसमा अधिकतम रु १०,०००।- दिन सकिनेछ । यसका लागि विस्तृत योजना प्रस्तुत गर्नुपर्नेछ । यस वृत्तिमध्ये ५०% रकम अग्रिम भुक्तानी दिइनेछ र बाँकी रकम सुपरभाइजरको सिफारिससहित Field Report प्रस्तुत गरेपछि दिइनेछ ।

(ग) पुस्तक, सन्दर्भग्रन्थ आदिका लागि रु. ८,०००।- दुई किस्तामा गरी दिइनेछ ।

(घ) विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गतको शोधकर्तालाई प्रयोगशाला सामग्रीबापत रु. ७,०००।- सम्म उपलब्ध गराइनेछ ।

(ङ) शोधपत्र टाइपिङ्ग/बाइन्डिङ्ग सहयोगबापत अनुदान रु. १०,०००।- Thesis बुझाएपछि दिइनेछ ।

(च) पीएच्.डी. दर्ता गरेको मितिले ३ वर्षभित्र Thesis बुझाउनेलाई प्रोत्साहन स्वरुप रु. १०,०००।- उपलब्ध गराइनेछ ।

(छ) माथि बुँदा (क)मा उल्लेख गरिएको मासिक वृत्तिबापतको रकम प्रत्येक ६/६ महिनामा प्रदान गरिनेछ । तर अन्तिम ६ महिनाको किस्ता Thesis बुझाएपछि मात्र उपलब्ध गराइनेछ । यस्तो वृत्ति अधिकतम ३ वर्षका निमित्त प्रदान गरिनेछ । अध्ययन सुरु गरिराखेकाहरूका हकमा तोकिएको मितिदेखिको बाँकी अवधिको मात्र

उपलब्ध गराइनेछ । Ph.D. का हकमा यो वृति विश्वविद्यालयमा दर्ता गरेको मितिले ३ वर्षसम्म मात्र उपलब्ध गराइनेछ । सम्बन्धित शिक्षकको विद्यावारिधिमा नाम दर्ता भएको मितिले ३ वर्ष अवधिको आधार मानी अध्ययनको बाँकी अवधि कायम गरिनेछ ।

(ज) विद्वत्वृत्ति प्राप्त गर्ने शिक्षकले आफूले गरिरहेको कार्यको प्रगति विवरण सुपरिवेक्षक वा सम्बन्धित संस्थाको सिफारिससहित प्रत्येक ६/६ महिनामा पठाउनुपर्नेछ । समयमा प्रगति विवरण प्रस्तुत नगरेमा सो अवधिको किस्ता वितरण रोक्न सकिनेछ ।

(झ) वृत्ति प्राप्त शिक्षकको कार्य प्रगतिको समीक्षा १/१ वर्षमा आयोगको कार्यालयमा आयोजना हुने प्रस्तुतीकरण कार्यक्रममार्फत गरिनेछ । विद्वत्वृत्तिप्राप्त शिक्षकले १ वर्षको एक पटक अनिवार्य रुपमा आफ्नो प्रगति विवरण प्रस्तुत गर्नुपर्नेछ । यस अनुसार प्रस्तुतीकरण नगर्नेको किस्ता भुक्तानी रोक्का गरिनेछ ।

(ञ) विद्वत्वृत्तिसम्बन्धी कार्य सञ्चालन आयोगले तोकेबमोजिम हुनेछ ।

(ट) छनोट हुने शिक्षकहरूले वृत्ति प्राप्त गर्नुअघि आफ्नो प्रगति विवरण प्रस्तुति एवं वृत्ति टुट्न सक्ने सर्तका सम्बन्धमा कबुलियत गर्नुपर्नेछ ।

(ठ) यो विद्वत्वृत्ति अन्यत्र कतैबाट आर्थिक सहयोग नपाएकाहरूका लागि व्यवस्था गरिएको छ । तसर्थ, यो वृत्ति प्राप्त गर्ने कुनै व्यक्तिले अन्यत्रबाट पनि सहयोग प्राप्त गरेको जानकारी प्राप्त हुन आएमा प्राज्ञिक समितिले वृत्ति रद्द गर्ने लगायतका निर्णय लिन सक्नेछ र भुक्तानी भएको रकम फिर्ता गराइनेछ ।

(ड) नेपालका विश्वविद्यालयमा दर्ता भएका प्रत्येक वृत्ति प्राप्त गरेका शोधकर्ताको एकजना प्रमुख Supervisor लाई Thesis बुझाएपछि रु. ५,०००।- उपलब्ध गराइनेछ ।

(ढ) दर्ता गरेको तीन वर्षभित्र Thesis नबुझाएमा शोधकर्ताले कारण खुलाएर प्रतिवेदन दिनुपर्नेछ । प्राज्ञिक समितिले प्रतिवेदनको मूल्याङ्कन गरी विलम्बको कारण सन्तोषजनक देखिएमा १-१ वर्ष गरी बढीमा दुई पटक म्याद थप गर्न सकिनेछ ।

(ण) Ph.D. दर्ता गरेको मितिले पाँच वर्ष पश्चात् File बन्द गरिनेछ र कुनै पनि सुविधा उपलब्ध गराइने छैन ।

## २.२ एम्.फिल. (M.Phil) विद्वतवृत्ति

नेपालका विश्वविद्यालय र सोअन्तर्गतका संस्थाहरूबाट सञ्चालित एम्.फिल. कार्यक्रममा अध्ययन गर्ने विश्वविद्यालयअन्तर्गतका क्याम्पसका शिक्षकहरूलाई बजेट विनियोजनका आधारमा प्रत्येक आर्थिक वर्षका लागि निश्चित सिट सङ्ख्याको विद्वत्वृत्ति उपलब्ध गराइनेछ ।

- वृत्ति प्रदान गर्न प्रतिस्पर्धाका आधारहरू तोकिएबमोजिम हुनेछन् ।
- दर्खास्तका साथमा एम्.फिल. कार्यक्रममा भर्ना भएको रसिदको प्रतिलिपि पेस गर्नुपर्नेछ ।
- वृत्ति १ वर्ष ६ महिना अवधिका लागि प्रदान गरिनेछ । १८ महिनाभन्दा बढी अवधिको M.Phil कार्यक्रमलाई पनि १८ महिनाको मात्र वृत्ति उपलब्ध गराइनेछ ।
- यसअन्तर्गतको वृत्ति मासिक रु. २५००। रहनेछ र प्रत्येक ६/६ महिनाको किस्तामा उपलब्ध गराइनेछ ।
- एक प्रति शोधग्रन्थ (Thesis) र विभागमा सो बुझाएको पत्र प्राप्त भएपछि टाइपिङ/बाइन्डिङ बापत रु. ५,०००। उपलब्ध गराइनेछ ।
- छनोटका आधार शैक्षिक योग्यता, प्रकाशित कृति र अन्तर्वार्ता हुनेछ ।
- अन्तिम ६ महिनाको वृत्तिका लागि आयोगमा Thesis र प्रमाणपत्र बुझाएपछि मात्र उपलब्ध गराइनेछ ।

## २.३ एम्.फिल. शोधग्रन्थ तयारीका लागि सहयोग
**(M. Phil. Thesis Preparation Support)**

माथि बुँदा नं. २.२ मा उल्लिखित विद्वत्वृत्ति वा अन्य स्रोतबाट कुनै सहयोग प्राप्त नगरेका नेपालका विश्वविद्यालयहरूमा M.Phil. अध्ययनरत व्यक्तिहरूलाई हरेक वर्ष तोकिएका सिट सङ्ख्याका आधारमा Thesis तयारीका लागि सहयोग प्रदान गरिनेछ । यस अन्तर्गत वृत्ति नपाएकाहरूमध्येबाट सम्बन्धित विभागले छनोट गरेको उत्कृष्ट दुई जनाको शोधग्रन्थलाई प्रतिव्यक्ति रु. १५,०००। उपलब्ध गराइनेछ । यो सहयोग एक आर्थिक वर्षमा प्रत्येक केन्द्रीय विभागका दुई जनालाई प्रदान गरिनेछ । नेपालका विश्वविद्यालयहरूअन्तर्गत सञ्चालित केन्द्रीय विभागले निश्चित आर्थिक वर्षभित्र अन्य वृत्ति नपाएका एम.फिल.का विद्यार्थीले बुझाएका शोधग्रन्थहरूमध्येबाट

उत्कृष्ट दुई जनाको Thesis छनोट गरी एक प्रति Thesis सहितको सिफारिसका आधारमा उपर्युक्तानुसारको रकम उपलब्ध गराइनेछ ।

## २.४ अपाङ्ग विद्यार्थी सहयोग (Handicapped Student Support)

स्नातकोत्तर (Masters Level) तहमा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीहरूलाई शोधग्रन्थ (Thesis) तयार गर्ने खर्चवापत प्रतिव्यक्ति रु. २०,०००। उपलब्ध गराइनेछ । सम्बन्धित विभागमा Thesis तयार गर्ने सूचीमा दर्ता भएको पत्र र अपाङ्गताको प्रमाणपत्र, स्नातक तहको प्रमाणपत्र र स्नातकोत्तर तहको Provisional Marksheet; Thesis Proposal हरूको प्रतिलिपि दरखास्त साथ उपलब्ध गराउनुपर्नेछ । कुल सहयोगमध्ये ५०% रकम अग्रिम रूपमा दिइनेछ र बाँकी रकम Thesis बुझाएपछि दिइनेछ । छनोट हुँदाको समयमा Thesis तयार गरी बुझाइसकेको भए एकमुष्ट बीसहजार रुपैयाँ उपलब्ध गराइनेछ ।

## ३. अनुसन्धान प्रवर्धन (Research Promotion)

शैक्षिक तथा प्राज्ञिक गुणस्तर अभिवृद्धिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गर्न निम्न लिखित कार्यक्रमहरू समावेश गरिएका छन् :

### ३.१ लघु-अनुसन्धान (Mini-Research)

यसअन्तर्गत विश्वविद्यालयहरूका आङ्गिक/सम्बन्धनप्राप्त क्याम्पसमा कार्यरत शिक्षकहरूलाई अनुसन्धानतर्फ उन्मुख गराउने उद्देश्यले अनुसन्धानात्मक परियोजनाहरू सम्पन्न गर्न आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था रहेको छ । यस्तो अनुदान पीएच्.डी. नगरेका सह-प्राध्यापक तहसम्मका शिक्षकहरूलाई प्रदान गरिनेछ । सामान्यतया अनुसन्धानको अवधि ६ महिनाको हुनेछ । सो अवधिमा कार्य नसकिएमा कारण दर्शाई म्याद थपका लागि निवेदन दिनुपर्नेछ । १ वर्षभित्र पनि प्रतिवेदन नबुझाएमा कुल स्वीकृत रकममा (टाइपिङ/बाइन्डिङको बाहेकका) १० प्रतिशत पेनाल्टीस्वरुप कट्टा गरिने गरी ६ महिना म्याद थप गर्न सकिनेछ । १ वर्ष ६ महिनाको अवधिमा पनि प्रतिवेदन नबुझाएमा सम्झौता रद्द हुनेछ ।

यस कार्यक्रमको सञ्चालन विधि निम्नानुसार हुनेछ :

- लघु-अनुसन्धान प्रस्ताव पेस गर्नका लागि सूचना/परिपत्र गरिनेछ र सोहीबमोजिमको समयावधिभित्र प्रस्ताव पेस गर्नुपर्नेछ ।
- लघु-अनुसन्धान प्रस्ताव अनुसूची - २ मा उल्लेख भए बमोजिमको ढाँचामा तयार गरिएको हुनुपर्नेछ ।
- प्रस्तावका साथ सम्बन्धित विभाग/क्याम्पसको सिफारिस तथा अनुसन्धानकर्ताको अद्यावधिक वैयक्तिक विवरण (CV) एक प्रति पेस गर्नु पर्नेछ ।
- अनुसन्धान प्रस्ताव स्वीकृत भै सूचना टाँस गरेको मितिले **४५ दिन** भित्रमा सम्बन्धित शिक्षकले सम्झौता गरिसक्नुपर्नेछ अन्यथा सो स्वीकृति रद्द हुनेछ ।
- एक अनुसन्धानकर्तालाई अधिकतम रु. ४०,०००।- सम्म अनुदान दिन सकिनेछ । उक्त रकममा नियमानुसार कर कट्टी हुनेछ ।
- सम्बन्धित अनुसन्धानकर्ताले अनुसन्धान कार्य तोकिएको समयमा पूरा गरी तीन प्रति मस्यौदा प्रतिवेदनको Spiral Binding गरी आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ ।
- प्राप्त प्रतिवेदन विशेषज्ञद्वारा मूल्याङ्कन भएपछि अनुसन्धानकर्ताले सम्बन्धित विशेषज्ञहरूसमक्ष अनुसन्धान प्रतिवेदनमा आधारित भई प्रस्तुतीकरण गर्नुपर्नेछ ।
- मूल्याङ्कन र प्रस्तुतीकरणबाट प्राप्त सुझावबमोजिम सुधार गरी Hard Binding गरिएका तीन प्रति **अन्तिम प्रतिवेदन** र यसको CD Copy आयोगको कार्यालयमा बुझाउनुपर्नेछ ।
- स्वीकृत अनुदान एक तिहाइका दरले तीन किस्तामा दिइनेछ । पहिलो किस्ता छनोटपश्चात् उपलब्ध गराइनेछ, दोस्रो किस्ता तीन प्रति मस्यौदा प्रतिवेदन पेस भएपछि र अन्तिम किस्ता अन्तिम प्रतिवेदन पेस गरेपछि दिइनेछ ।
- मस्यौदा प्रतिवेदन र अन्तिम प्रतिवेदनमा **Abstract** समावेश गर्नुपर्नेछ ।
- मस्यौदा प्रतिवेदन बुझाएपछि टाइपिङ/बाइन्डिङका लागि रु. ५,०००। उपलब्ध गराइनेछ ।

- तोकिएको समय अर्थात् ६ महिनाभित्र बुझाएका प्रतिवेदनहरूमध्ये केही उत्कृष्ट अनुसन्धानकर्ताहरूलाई आयोगको वार्षिकोत्सव कार्यक्रममा पुरस्कृत गरिनेछ ।

## ३.२ विशेष अनुसन्धान (Special Research)

यस शीर्षकअन्तर्गत कुनै तोकिएका विषयमा एक वा एकभन्दा बढी शिक्षक/विशेषज्ञहरूद्वारा विशेष अनुसन्धान गर्न/गराउन सकिनेछ । यस कार्यक्रमअन्तर्गत गरिने विशेष अनुसन्धानका लागि प्राज्ञिक समितिले आवश्यकता-अनुसार विषय तोकी अनुसन्धानकर्तालाई आमन्त्रण गर्न सक्नेछ, साथै विश्वविद्यालयका अन्य शैक्षिक संस्था/विभाग/डीनको कार्यालय, पीएच्.डी. गरेका प्राध्यापक/सह-प्राध्यापकबाट प्राप्त प्रस्ताव स्वीकृत भएमा त्यस्ता अनुसन्धानको निमित्तसमेत अनुदान दिन सकिनेछ ।

## ३.३ अनुसन्धान सन्दर्भ सामग्री (Research Materials)

यस कार्यक्रमअन्तर्गत कुनै अनुसन्धानकर्ता शिक्षकलाई चालू अनुसन्धानका सिलसिलामा अनुसन्धानमूलक जर्नल, अनुसन्धानात्मक जर्नलको कुनै विशेष अङ्क वा त्यस्ता जर्नलमा प्रकाशित कुनै विशेष लेखहरू झिकाउन वा अनुसन्धानको निमित्त आवश्यक पुस्तक खरिद गर्न तथा अनुसन्धानको निमित्त आवश्यक अन्य उपकरण एवं शैक्षिक सामग्री खरिद गर्नका लागि अनुदान दिइनेछ । उपर्युक्त अनुसन्धान कार्य सम्पन्न भैसकेपछि टिकाउ हुने उपकरण सामग्री/पुस्तक अनुसन्धानकर्ताको विभाग/क्याम्पसमा बुझाउनुपर्नेछ । यस आयोगबाट Ph.D. वृत्ति पाएका शिक्षकहरूका हकमा यो सुविधा लागू हुने छैन ।

## ३.४ पीएच्.डी./एम्.फिल. पूर्वाधार विकास (Ph. D. / M.Phil. Infrastructure Development)

यस कार्यक्रमअन्तर्गत पीएच्.डी./एम्.फिल. कार्यक्रम सञ्चालन गर्ने विभाग/क्याम्पसलाई आवश्यक पूर्वाधार विकास जस्तै फर्निचर, कम्प्युटर, पुस्तक आदि खरिद जस्ता कार्यका लागि आंशिक आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ । यसको निमित्त विश्वविद्यालयको सिफारिससहित सम्बन्धित विभागबाट माग गरिएको आर्थिक सहयोगको विवरणसहितको प्रस्ताव पठाउनु पर्नेछ । प्रस्ताव स्वीकृत भई कार्यक्रम प्रारम्भ भएपछि सम्बन्धित कामका लागि अनुदान रकम निकासा दिइनेछ ।

## ३.५ अन्य सहयोग (Miscellaneous Support)

पीएच्.डी. (Ph.D.) अध्ययनका लागि कुनै किसिमको आर्थिक सहयोग नपाएका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसका शिक्षकहरूलाई स्थलगत-अध्ययन, पुस्तक/सन्दर्भ सामग्री, टाइपिङ/बाइन्डिङ, जस्ता कार्यका लागि कामको प्रकृति हेरी केही अनुदान सहयोग देहाय बमोजिम उपलब्ध गराउन सकिनेछ । यसका लागि कार्यरत संस्था प्रमुख/शोध-निर्देशकको सिफारिस र Proposal/Progress Report सहित आवेदन पेस गर्नुपर्नेछ । यसअन्तर्गत उपलब्ध गराइने सहयोगका लागि प्रत्येक आर्थिक वर्षमा निश्चित सङ्ख्या निर्धारण गरिनेछ । ६ महिनाको अन्तरालमा एक पटकमा एउटा कार्यका लागि सहयोग दिइनेछ र Typing/Binding को सहयोग Thesis बुझाए- पछि दिइनेछ । Ph.D. दर्ता गरेको मितिले पाँच वर्ष नाघिसकेको अवस्थामा यो सहयोग उपलब्ध गराइने छैन । स्थलगत अध्ययन सहयोगका लागि सुपरभाइजरको सिफारिससहित सोको विस्तृत योजना पेस गर्नुपर्नेछ र पुस्तकका लागि खरिद बिल पेस गर्नुपर्नेछ ।

| विवरण | अधिकतम रकम (रु.) |
|---|---|
| स्थलगत अध्ययन | १०,०००।- |
| पुस्तक/सन्दर्भग्रन्थ | ८,०००।- |
| टाइपिङ/बाइन्डिङ | ७,०००।- |

पुनश्च : कुनै एक व्यक्तिले यस आयोगबाट नियमित वा अन्य कुनै कार्यक्रम अन्तर्गत उपलब्ध गराइने वृत्ति वा आर्थिक सहयोग सुविधा दोहोरो प्राप्त गर्ने सक्ने छैन । जुन कार्यका लागि सहयोग प्राप्त गरेको हो, सो कार्य सम्पन्न नगरेसम्म अन्य कुनै वृत्ति वा सहयोगमा सहभागी हुन सक्ने छैन ।

# ४. अध्ययन/अध्यापन भ्रमण (Study/Teaching Visit)

यस अन्तर्गत निम्न लिखित कार्यक्रमहरू रहनेछन् :

## ४.१ वरिष्ठ प्राध्यापकको क्याम्पस अध्यापन भ्रमण (Campus Visit by Professors / Senior Readers)

आङ्गिक/सम्बन्धनप्राप्त क्याम्पसमा अध्ययन/अध्यापन कार्यमा सुधार ल्याउन तथा पठनपाठनको गुणस्तरलाई समय-सापेक्ष बनाउनका निमित्त सम्बन्धित विषयको शिक्षकलाई छोटो अवधिका लागि संलग्न गराउन यस कार्यक्रमअन्तर्गत् अनुदान दिइनेछ। यो कार्यक्रम सञ्चालनका लागि देहायका प्रक्रिया अपनाइनेछः

- यस कार्यक्रममा संलग्न भै जाने शिक्षक अनुभवी एवं सम्बन्धित विषयको विशेषज्ञ हुनुपर्ने र सामन्यतया प्राध्यापक वा वरिष्ठ सह-प्राध्यापक तहको हुनुपर्नेछ।
- आमन्त्रण गरिने शिक्षकको छनोट वि.अ.आ./सम्बन्धित क्याम्पसले गर्नेछ र कार्यक्रमको सञ्चालन भने सम्बन्धित क्याम्पसले नै गर्नुपर्नेछ।
- सञ्चालन गरिने विषय, अवधि, विशेषज्ञबाट अपेक्षा गरिएको सेवा आदि उल्लेख गरिएको प्रस्ताव सम्बन्धित क्याम्पसले पठाउनुपर्नेछ।
- प्रस्ताव स्वीकृत भएमा बढीमा दुई जना शिक्षकका लागि आवश्यक पर्ने खर्च उपलव्ध गराइनेछ। यसरी उपलव्ध गराउने खर्च सम्बन्धित शिक्षकको भ्रमणभत्ता, दैनिक भत्ता, पारिश्रमिक आदिको निमित्त हुनेछ।
- यस कार्यक्रममा जाने सम्बन्धित विशेषज्ञ शिक्षकले गरेका कामको विवरण सम्बन्धित क्याम्पसबाट प्रमाणित गराई आयोगको कार्यालयमा पेस गरेपछि पारिश्रमिकको पूर्ण भुक्तानी हुनेछ।
- सूचना सञ्चार प्रविधि (ICT)का माध्यमबाट पनि सहयोग माग गरिएका क्याम्पसहरूलाई सहयोग उपलब्ध गराइनेछ।

## ४.२ विशेष अध्ययन/अनुसन्धानका निमित्त सार्क मुलुकभित्र भ्रमण (Visit to Institutions of SAARC Countries for Special Study/Research)

यसअन्तर्गत सार्क मुलुकका शैक्षिक संस्थाहरूमा सञ्चालन हुने छोटो अवधिको विशेष अध्ययन/अनुसन्धान कार्यक्रममा सरिक हुनका लागि विश्वविद्यालय/सम्बन्धन प्राप्त क्याम्पसअन्तर्गतका शिक्षकहरूलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ। यसका लागि निम्न प्रक्रिया रहनेछ :

- कुनै विशेष अध्ययन/अनुसन्धानका निमित्त सार्क क्षेत्रका विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थामा छोटो अवधि (एक हप्तादेखि चार हप्तासम्म) का लागि भ्रमण गर्न आवश्यक भएमा सम्बन्धित शिक्षकले उपयुक्त कारण सहित विभागको सिफारिससहित आवेदन पेस गर्नुपर्नेछ।
- यस सहयोगअन्तर्गत आवेदकको जाने-आउने भाडा तथा खान/बस्न लाग्ने खर्चको आंशिक रकम उपलब्ध गराउन सकिनेछ।
- आवेदनका साथ काम गर्न जाने संस्थाबाट प्राप्त स्वीकृति-पत्र संलग्न हुनुपर्दछ।
- यस आयोगद्वारा वा अन्य कुनै संस्थाबाट विद्वत्वृत्तिअन्तर्गत सहयोग उपभोग गरेका व्यक्तिहरूलाई यो सुविधा उपलब्ध हुन छैन।
- सहयोगको रकम प्राज्ञिक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

## ४.३ सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान (Travel Grants for Participation in Seminars/ Conferences)

यस कार्यक्रमअन्तर्गत विदेशमा आयोजना हुने सम्बन्धित विषयको सभा/गोष्ठी/कार्यशाला आदिमा कार्यपत्र/पोस्टर प्रस्तुतीकरणका लागि भाग लिन जानका लागि आमन्त्रित शिक्षकलाई आउन-जान वा बस्न लाग्ने खर्च र विशेष परिस्थितिमा रजिस्ट्रेसन शुल्कका लागि आंशिक आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ। भ्रमण अनुदानको निम्ति आवेदन गर्दा निम्नानुसारका कागजातहरू संलग्न हुनुपर्नेछ :

- सम्बन्धित आयोजक संस्थाको निमन्त्रणा-पत्र
- कार्यरत शैक्षिक संस्था प्रमुखको सिफारिस-पत्र

- आयोजक संस्था वा अन्य स्रोतबाट हुन सक्ने/नसक्ने आर्थिक सहयोगसम्बन्धी विवरण खुलेको पत्र
- भ्रमणको टिकटको दर/रेट खुलेको अधिकृत विक्रेता वा ट्राभल एजेन्सीको पत्र वा टिकट
- कार्यपत्र/पोस्टर प्रस्तुतीकरणका लागि जाने शिक्षकले कार्यपत्र/पोस्टर स्वीकृत भएको बेहोराको आयोजकको पत्र र कार्यपत्र/पोस्टरको सारांश पनि पेस गर्नुपर्नेछ ।

कार्यक्रम समापन भएपछि कार्यक्रमको विवरणसहितको प्रतिवेदन कार्यक्रम समापन भएको एक महिनाभित्र आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ । भ्रमणमा जानुअगाडि सैद्धान्तिक स्वीकृति दिइनेछ तर सुविधाबापत पाउने सम्पूर्ण रकम भ्रमणबाट फर्की आयोगमा आवश्यक कागजात पेस गरेपछि उपलब्ध गराइनेछ । तर यस्तो सुविधा एक पटक पनि अवसर प्राप्त नगरेकालाई प्राथमिकता दिइने र एउटै आ.व.मा एक पटक पाएमा दोहोऱ्याइने छैन । यस किसिमको सहयोग निम्नानुसार प्रदान गर्न सकिनेछ :
संयुक्त लेखनमा तयार गरिएको कार्यपत्र प्रस्तुतीकरणका लागि जान लेखकहरूमध्ये एकजनालाई मात्र यो अनुदान प्रदान गरिनेछ ।

| देश | अधिकतम रकम (रु.) |
|---|---|
| क) भुटान, बङ्गलादेश र भारत | १०,०००।- |
| ख)पाकिस्तान, श्रीलङ्का, माल्दिभ्स, थाइल्यान्ड, बर्मा, मलेसिया र कम्बोडिया | १५,०००।- |
| ग) बुँदा (क) र (ख) मा उल्लेख नभएका अन्य मुलुक | २०,०००।- |

## ५. गोष्ठी/कार्यशाला/सम्मेलन (Workshop/Seminar/ Conference)

कुनै विश्वविद्यालय वा त्यसअन्तर्गतका क्याम्पस, विभाग एवं सम्बन्धित निकाय तथा विश्वविद्यालयका प्राज्ञिक सोसाइटीहरूले विषयगत वा शिक्षा क्षेत्रका समसामयिक समस्याको विश्लेषण/अध्ययन गर्ने उद्देश्यले आयोजित गोष्ठी/कार्यशाला/सम्मेलन सञ्चालन गर्न यस कार्यक्रमअन्तर्गत आंशिक आर्थिक सहयोग उपलब्ध गराइनेछ । तर विश्वविद्यालयका प्रोफेसनल सोसाइटीहरूले सम्बन्धित क्याम्पस वा विभागसँग मिली संयुक्त रूपमा सञ्चालन गर्नुपर्नेछ । यसको प्रक्रिया निम्नबमोजिम हुनेछ :

- कार्यक्रमको विषय, प्रकृति, सहभागी सङ्ख्या, अवधि, कार्यक्रम हुने स्थान, लाग्ने अनुमानित खर्चको विवरण, प्रस्तुत हुने कार्यपत्रहरूको शीर्षक, लेखकहरूको नाम तथा विस्तृत कार्यतालिकासहित प्रस्ताव पेस गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सम्बन्धित विषय-क्षेत्रका शिक्षकलाई सहभागी गराउनु पर्नेछ ।
- सामान्यतया गोष्ठी/कार्यशाला/सम्मेलनको प्रकृति, अवधि, सहभागी सङ्ख्या, उद्देश्य, उपयोगिता आदिका आधारमा प्रत्येक कार्यक्रमको लागि निम्नानुसार रकम उपलब्ध गराउन सकिनेछ :
  - ➢ स्थानीय स्तरमा सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु. ३०,०००/- सम्म
  - ➢ राष्ट्रिय स्तरमा सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु. ५०,०००/- सम्म
  - ➢ क्षेत्रीय (सार्क) स्तरमा सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु. ७५,०००/- सम्म
  - ➢ अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु. १,००,०००/- सम्म
- कार्यक्रम सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि स्वीकृत रकम उपलब्ध गराइनेछ ।
- कार्यक्रम पूरा भएपछि सोको विवरणसहितको प्रतिवेदन तथा प्रस्तुत कार्यपत्रहरू आयोगको कार्यालयमा पेस गर्नुपर्नेछ ।
- यस शीर्षकको प्रयोजनार्थ प्रस्ताव पेस गर्दा अनुसूची-३ मा उल्लेख भए बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

## ६. पुस्तकालय सुदृढीकरण तथा उपकरण अनुदान (Library Strengthening and Equipments Grants)

मुलुकभित्र सम्बन्धनप्राप्त क्याम्पसहरूको सङ्ख्या प्रत्येक वर्ष वृद्धि भइरहेको छ । जनस्तरबाट सञ्चालित कतिपय यस्ता क्याम्पसहरू

ग्रामीण क्षेत्रमा विपन्न अवस्थामा रहेका छन् । त्यस्ता क्याम्पसका पुस्तकायलयहरू ज्यादै दयनीय अवस्थामा रहेका छन् । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भएका क्याम्पसहरूलाई निम्नानुसारका शीर्षकमा सहयोग उपलब्ध गराइनेछ :

## ६.१ पुस्तक खरिदका निमित्त अनुदान (Grants for Purchasing Books)

पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकको अभावमा स्तरीय शिक्षा सम्भव नहुने हुँदा सम्बन्धनप्राप्त क्याम्पसहरूका पुस्तकालय सुदृढीकरणका निमित्त यस कार्यक्रमअन्तर्गत पुस्तक खरिदका लागि अनुदान दिइनेछ । यस कार्यक्रमलाई निम्नानुसार सञ्चालन गरिनेछ :

- ♦ पुस्तकालयको सम्पूर्ण स्थिति सहित पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरिदका लागि प्रस्ताव पेस गर्नुपर्नेछ ।
- ♦ सहयोगका लागि प्रस्ताव पेस गर्दा आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक अलग अलग छुट्ट्याई प्रत्येकको मूल्य तथा आवश्यक प्रति समेत उल्लेख गरी पठाउनु पर्नेछ ।
- ♦ माथि उल्लिखित विवरणसहितको प्रस्ताव आयोगले जारी गरेको सूचना/परिपत्रमा निश्चित गरिएको समयावधिभित्र पेस गर्नुपर्नेछ ।
- ♦ यसअन्तर्गत प्राप्त सहयोग पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरिद गर्नका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।
- ♦ आङ्गिक क्याम्पसको हकमा कुनै विभाग/क्याम्पसमा पठन/पाठनको तह थप वा स्नातकोत्तर तहको नयाँ विषय थप भएको स्थितिमा आवश्यक पर्ने थप पुस्तक/जर्नलका लागि अनुदान दिन सकिनेछ ।

## ६.२ फर्निचर खरिदका लागि अनुदान (Grants for purchasing Furniture

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसका पुस्तकालयका निमित्त आवश्यक पर्ने फर्निचर खरिदका लागि अनुदान उपलब्ध गराउन सकिनेछ । यस कार्यक्रमलाई निम्नानुसार सञ्चालन गरिनेछ :

- ♦ पुस्तकालयको फर्निचरको सम्पूर्ण स्थिति सहित पुस्तकालय फर्निचर खरिदका लागि प्रस्ताव पेस गर्नुपर्नेछ ।
- ♦ सहयोगका लागि प्रस्ताव पेस गर्दा आवश्यक फर्निचरको विवरणसमेत उल्लेख गरी पठाउनुपर्नेछ ।
- ♦ माथि उल्लिखित विवरणसहितको प्रस्ताव आयोगले जारी गरेको सूचना/परिपत्रमा निश्चित गरिएको समयावधि भित्र पेस गर्नुपर्नेछ ।
- ♦ यस कार्यक्रमअन्तर्गत अनुदानका लागि क्याम्पसका तर्फबाट व्यहोरिने एवं आयोगबाट माग गरिएको रकम खुलाई पेस गर्नुपर्नेछ ।
- ♦ यस अन्तर्गत् प्राप्त सहयोग पुस्तकालय फर्निचर खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

## ६.३ उपकरण खरिदका लागि अनुदान (Grants for Purchasing Equipments)

- ♦ जनस्तरबाट सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसहरूमा सूचना प्रणालीलाई व्यवस्थित गरी शैक्षिक तथा प्रशासकीय कार्य दक्षतापूर्वक सम्पादन गर्नका लागि कम्प्युटर खरिदका लागि अनुदान दिइनेछ । यस प्रयोजनका लागि त्यस्ता क्याम्पसहरूले आयोगले जारी गरेको सूचना/परिपत्रमा निश्चित गरिएको समयावधि भित्र प्रस्ताव पेस गर्नुपर्नेछ ।
- ♦ यस अन्तर्गत् प्राप्त सहयोग कम्प्युटर खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।
- ♦ अनुदान स्वीकृत भएमा कम्प्युटर खरिद गरेपछि सोधभर्ना स्वरुप स्वीकृत रकम निकासा दिइनेछ ।

# ७. भौतिक सुविधा विकास (Physical Facility Development)

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसका पुस्तकालय-कोठा तथा कक्षा-कोठा थपको निमित्त यस कार्यक्रमअन्तर्गत् अनुदान उपलब्ध

गराउन सकिनेछ । यस कार्यक्रमअन्तर्गत् स्नातक वा स्नातकोत्तर तह सञ्चालन भएका क्याम्पसलाई निम्नानुसारका शीर्षकमा सहयोग उपलब्ध गराइनेछ :
यस कार्यक्रमको सञ्चालन विधि निम्नानुसार हुनेछ :

- ♦ पुस्तकालय-कोठा/कक्षा-कोठाको साविकको स्थिति सहित कारण खुलाई निर्माण गर्नु पर्ने कोठाको लागत (Estimate) सहित सूचना/परिपत्रमा तोकिएको निश्चित समयभित्र प्रस्ताव पेस गर्नुपर्नेछ ।
- ♦ क्याम्पसको भौतिक स्थिति, विद्यार्थी आदि कुराहरूलाई दृष्टिगत गरी जोड कोष (Matching Fund) का आधारमा आंशिक अनुदान उपलब्ध गराउन सकिनेछ ।
- ♦ पुस्तकालय-कोठा/कक्षा-कोठा निर्माणका लागि प्राप्त रकमको खर्चको विवरण/प्रतिवेदन पेस गर्नुपर्नेछ ।
- ♦ यसअन्तर्गत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गर्न सकिनेछ ।

## ८. अध्ययन सामग्री विकास
**(Teaching Material Development)**

यस कार्यक्रमअन्तर्गत कुनै विषयमा कार्यशाला आयोजना गरी वा सम्बन्धित विशेषज्ञको कार्यटोली गठन गरी पाठ्यपुस्तक/सन्दर्भ पुस्तक/अध्ययन सामग्री तयार पार्न संस्थागत आर्थिक सहयोग उपलब्ध गराइनेछ । त्यस कार्यका लागि विश्वविद्यालय/डीनको कार्यालय/क्याम्पस/ विषयसमिति/विभाग/शैक्षिक निकायबाट प्रस्ताव पेस हुनुपर्नेछ । प्रस्तावमा सहभागी हुने विशेषज्ञको नाम, कार्यक्रम सञ्चालन गर्ने मिति, स्थान, अवधि, सहभागी सङ्ख्या आदि स्पष्ट उल्लेख हुनुपर्नेछ ।

### अनुसूची - १
### Format of Proposal for Refresher Training

A. Nature of the Program
- Brief Introduction of the Program
- Justification of the Program
- Methodology used for Conducting the Program
- Number of beneficiaries and their levels
- Time and Venue

B. Budget Estimate or Budgetary Provision
- Remuneration to Experts
- Logistic Support/Materials
- Stationery
- Refreshment
- Report Preparation
- Contingencies/Other Expenses
- Total

अनुसूची - २

**Format of Proposal for Mini Research**

Two options are given below. Select whichever applicable to your proposal.

Option : I

Title of the Study : ……………………….

A. Introductory Section:

- Introduction
- Problem Statement
- Objectives
- Hypotheses (if any)
- Literature Review
- Justification of the Study
- Limitations of the Study

B. Methodology in Brief

- Universe of the study
- Data Collection Techniques
- Sampling
- Variables and Measures
- Techniques of Data Analysis

C. References

D. Budget Estimate

- Remuneration to Researchers
- Remuneration to Assistants
- Transportation Cost
- Stationery
- Typing, Printing and Binding of Reports
- Contingencies/Other Expences
- Total

E. Duration of the study: Time frame

**Option :II**

Title of the Study : ……………………….

A. Introductory Section:

- Introduction
- Problem Statement
- Objectives
- Hypotheses (if any)
- Rationale/Justification of the Study
- Limitations of the Study
- Literature Review

B. Methodology in Brief

- Materials
- Sources
- Properties

Methoes

- Lab/Field methods
- Authencity of the Method (Mention whom you follow)

C. Observation/Results

D. Discussion, Conclusion, Recommendation

E. References

**Budget Estimate**

- Remuneration to Researchers
- Remuneration to Assistants
- Transportation Cost
- Stationery
- Typing, Printing and Binding of Reports
- Contingencies/Other Expences
- Total

F. Duration of the study: Time frame

अनुसूची-३

## Format for the proposal of Seminar/Workshop/Conference

A. Technical Proposal

- Organizers
- Type of Program
- Level : Local/National/Regional/International
- Justification of the Program
- Type of Participants
- No. of Participants
- Countries involved in Organization/Participation
- Name of the experts and title of the papers
- Schedule
- Venue

B. Estimated Budget

- Remuneration to experts
- Logistic support/materials
- Stationery
- Refreshment
- Printing and binding of reports
- Contingencies/others expenses
- Total

अनुसूची - ४

फोटो

श्रीमान् अध्यक्षज्यू,
विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर ।

विषयः विद्वत्वृत्ति पाऊँ ।

महोदय,

त्यस आयोगको गुणस्तर सुधार कार्यक्रम २०६६/६७ अर्न्तगत ...................................... विषयमा.................................... तह अध्ययन गर्नको निमित्त पूर्ण/आंशिक वृत्तिमध्ये..........वा दुईमध्ये कुनै एक विद्वत्वृत्तिका लागि आफ्नो निम्नबमोजिमको विवरण खोली यो दरखास्त पेस गरेको छु । मलाई विद्वत्वृति प्रदान भएमा विश्वविद्यालय अनुदान आयोगको नियम कार्यविधि र निर्देशनको समेत पालना गर्नेछु ।

१. नाम, थर : जन्ममिति : नागरिकता :
हालको उमेर :
२. ठेगाना : जिल्ला : अञ्चल :
स्थायी :
अस्थायी :
सम्पर्क फोन नं. : मोबाइल नं. :
पत्राचारको ठेगाना :
ईमेल :
३. पद :
४. विश्वविद्यालय/क्याम्पस : सङ्काय :
५. प्राध्यापन गरी आएको विषय :
६. अविच्छिन्न सुरु नियुक्ति र सोको पद :
स्थायी भएको मिति :
७. हालको पदमा नियुक्ति मिति :
८. यसअघि सो प्रयोजनका निमित्त कुनै वृत्तिअन्तर्गत मनोनयन भएको भए सोको विवरण :
९. हालको उच्च अध्ययनका निमित्त नाम दर्ता गराएको भए सोको विवरण :
(क) नाम दर्ता गरेको शिक्षण संस्थाको नाम :
(ख) विषय/शीर्षक :
(ग) अध्ययन तह :
(घ) भर्ना/दर्ता मिति :
(ङ) विद्यावारिधिको हकमा तोकिएको शोध निर्देशकको नाम :
१०. प्रस्तावित उच्च अध्ययनको निमित्त नाम दर्ता गराउन बाँकी भए नाम दर्ता गराउन चाहेको सम्भाव्य शैक्षिक संस्थाहरू:
(१) (२)
११. शैक्षिक विवरण :

| शैक्षिक उपाधि | अध्ययन संस्था | उत्तीर्ण श्रेणी | प्रतिशत | मुख्य विषयहरू |
|---|---|---|---|---|
| एस.एल.सी. | | | | |
| प्रवीणता प्रमाणपत्र | | | | |
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |

१२. स्नातकोत्तर डिग्रीपश्चात्को उपाधिको विवरण:
क) एम.फिल.:
ख) सम्बन्धित विषयमा अतिरिक्त मास्टर तहः
ग) मास्टर तह पछिको न्यूनतम १० महिने डिप्लोमाः

*१३. कृति प्रकाशन *(आफूले मुख्य ठानेका प्रत्येकको २ ओटा सम्म मात्र)*

**अनुसन्धानात्मक पुस्तक :**
(१)
(२)

**साधारण पुस्तक :**
(१)
(२)

**प्राज्ञिक/व्यावसायिक जर्नलमा प्रकाशित लेख :**
(१)
(२)

**अनुसन्धान प्रतिवेदन :**

(१)

(२)

१४. आफ्नो निवेदनका साथ उपर्युक्त विवरणलाई प्रस्ट पार्ने देहायबमोजिमका प्रमाणित कागजातहरू पेस गरेको छु ।

(क) नाम दर्ता गरेको /भर्ना भएको रसिद/पत्रको प्रतिलिपि ।

(ख) एस.एल.सी.र सोभन्दा माथिका सम्पूर्ण लब्धाङ्क तथा प्रमाणपत्रको प्रतिलिपि/विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेकाको हकमा समानस्तर निर्धारण भएको प्रमाणपत्र कागजात ।

(ग) हालको सेवा स्थायी/अस्थायी खुल्ने नियुक्तिको पत्र ।

(घ) उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(ध्र) शोधप्रस्ताव (Proposal) *(पीएच्.डी. का लागि मात्र)*।

(च) आफ्नो व्यक्तिगत विवरण (Biodata) एक प्रति ।

** (छ) ........................................................ ।

मिति : आवेदकको दस्तखत :

प्रमाणित कर्ता :

---

नाम :

पद :

दस्तखत :

दस्तुर रु १००/- बुझाएको

ड्राफ्ट नं.:#

मिति :

# कबुलियतनामा

उपर्युक्तानुसारका आवेदक श्री

...........................................यस.................

मा........................पदमा स्थायी/अस्थायी रुपमा कार्यरत हुनुहुन्छ । निजले उक्त अध्ययनको लागि अन्यकुनै संस्थाबाट छात्रवृति तथा अन्य आर्थिक सहयोग नपाएको हुनाले त्यस आयोगको तर्फबाट छात्रवृति प्रदान गर्न सिफारिस गरिएको छ ।

साथै उक्त अध्ययन चालू राख्नका लागि निज पूर्ण वृत्तिका लागि छानिएमा यस विश्वविद्यालय/क्याम्पसको नियमअनुसारको बिदा उपलव्ध गराइनेछ र उक्त अध्ययनपश्चात् निजले यस ........................... रही निर्धारित अवधि सम्म ( पीएच्.डी.को हकमा ५ वर्ष र एम्.फिल..को हकमा ३ वर्ष) सेवा नछाड्ने व्यहोराको कबुलियतनामा गराई सोको एक प्रति त्यहाँ पठाइनेछ ।

सही : नाम : पद :

...................... विश्वविद्यालय/क्याम्पस :

कार्यालयको छाप :

---

** आफूले उपर्युक्त फाराममा उल्लेख गरेका कृतिहरूको सक्कलै प्रति मूल्याङ्कन प्रयोजनका लागि अन्तर्वार्ताको निमित्त निर्धारित दिनभन्दा एक दिनअगावै पेस गरिसक्नुपर्नेछ ।*

*** उपर्युक्त कागजपत्र पूरा पेस नभएको स्थितिमा बुँदा (छ) मा कैफियत जनाउनुपर्नेछ ।*

**#** *रु. १००।- ड्राफ्ट गरी पठाउँदा विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, सानोठिमी शाखाबाट भुक्तानी प्राप्त गर्ने गरी पठाउनुपर्नेछ ।*

अनुसूची - ५

# विश्वविद्यालय अनुदान आयोग

# University Grants Commission

सानोठिमी, भक्तपुर

## नियमित कार्यक्रम (Regular Program) का सूचना प्रकाशित हुने र दर्खास्त दिने समय तालिका

| सि. नं. | कार्यक्रम विवरण | सूचना प्रकाशित हुने समय | दर्खास्त दिने समय | निर्णय गर्ने समय |
|---|---|---|---|---|
| **वृत्ति विकास/अनुसन्धान कार्यक्रम** | | | | |
| १ | पीएच. डी. विद्वतवृत्तिका लागि | कार्तिकको पहिलो साता | सामान्यतया सूचना प्रकाशित भएको दिनदेखि ४५ दिन सम्म | सामान्यतया फागुन मसान्तसम्ममा नतिजा प्रकाशन गरिनेछ । |
| २ | एम.फिल. अध्ययनका लागि छात्रवृत्ति | | | |
| ३ | लघु अनुसन्धानका लागि | | | |
| **तालिम/गोष्ठी कार्यक्रम** | | | | |
| १ | पुनर्ताजगी/तालिम/गोष्ठि आदि कार्यक्रम | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रम | दर्खास्त प्राप्त भएको दुई साताभित्र निर्णय गरिनेछ । |
| २ | भ्रमण अनुदान | | | |
| ३ | अपाङ्ग विद्यार्थी सहयोग | | | |
| ४ | एम.फिल. शोधग्रन्थ सहयोग | | | |
| **नियमीत र भौतिक सुविधा कार्यक्रम** | | | | |
| १ | नियमित अनुदान | कार्तिक अन्तिम पहिलो साता | माघ १ गतेदेखि फागुन १५ गतेसम्म तथ्याङ्क फाराम र लेखा परीक्षण प्रतिवेदनसहित प्रस्ताव पेस गर्नुपर्ने | सामान्यतया वैशाखभित्र अनुदान वितरण गरिनेछ । |
| २ | पुस्तकालय सुदृढीकरण तथा उपकरण खरीद | | | |
| ३ | भौतिक सुविधा विकास | | | |

***नोटः** सामुदायिक क्याम्पसहरुले अघिल्लो आ.व.को लेखा परीक्षण उपलब्ध गराउनुपर्नेछ, अन्यथा अनुदानका लागि अयोग्य ठहरिन सक्नेछ । चालू आ.व.को पौष महिना १५ गते सम्मको विद्यार्थी/शिक्षक तथ्याङ्क वि.अ.आ.को तथ्याङ्क विवरण फारममा भरी उपलब्ध गराउनुपर्नेछ ।*

अनुसूची - ६

## ................... UNIVERSITY
## PROGRESS REPORT OF PH.D. SCHOLAR

1) Name of Research Scholar : .....................
2) Name of Supervisor : .....................
3) Topic of Reseach : .....................
4) Faculty/Institute : .....................
5) Department : .....................
6) Registration No. : .....................
7) Six monthly progress report of the research scholar for the period from : .......... to .............
8) The Resume of the work (Study/Literature review) Material Collection/Field Work/Lab Work/Problem Identification, Analysis, Draft writing, type setting etc.
   : i) .....................
   : ii) ....................
   : iii) ....................
   :
   : iv) .....................
9) Supervisors' Remarks :
10) Overall Progress : Excellent/Satisfactory/Unsatisfactory

Date ............

..................................
Signature of Supervisor
Name :
Designation :
Department :
University

# विश्वविद्यालय अनुदान आयोग

## University Grants Commission (UGC)

**प्रस्ताव/आवेदन आव्हान सम्बन्धी**

## सूचना

## नियमित कार्यक्रम अन्तर्गत

## Regular Programme

यस आयोगद्वारा **नियमित कार्यक्रम** अन्तर्गत आ.व. २०६६/६७ मा उच्च शिक्षाको गुणस्तर सुधारका लागि निम्नानुसारका कार्यक्रम सञ्चालन गरिने छन् : पुनर्ताजगी तालिम; अनुसन्धान प्रवर्धन; अध्ययन भ्रमण; गोष्ठी/कार्यशाला सञ्चालन; नियमित अनुदान; पुस्तकालय सुदृढीकरण तथा उपकरण खरीद अनुदान; भौतिक सुविधा विकास; अध्ययन सामग्री विकास र विद्वद्वृत्ति । यी कार्यक्रमहरुको विस्तृत विवरण सबै विश्वविद्यालयहरुमा पठाइएको छ साथै आयोगको Website: www.ugcnepal.edu.np मा समेत हेर्न सकिनेछ । उपर्युक्त मध्ये निम्नलिखित कार्यक्रमका लागि निम्न बमोजिम तोकिएको मितिभित्रआयोगको कार्यालयमा आईपुग्ने गरी प्रस्ताव/आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

(क) **पीएच्.डी. (Ph.D.) विद्वत्वृत्ति** : विश्वविद्यालय सेवा वा सम्बन्धन प्राप्त क्याम्पसका स्थायी शिक्षकहरू (पुरुषको हकमा ५० वर्ष र महिलाको हकमा ५२ वर्ष ननाघेका) बाट **२०६६ मंसीर २६ गतेसम्म** आवेदन बुझाउनु पर्ने छ ।

(ख) **एम्.फील. (M.Phil.) विद्वद्वृत्ति** : विश्वविद्यालय सेवा वा सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकहरूबाट **२०६६ मंसीर २६ गतेभित्र** आवेदन बुझाउनु पर्ने छ ।

(ग) **लघु अनुसन्धान (Mini Research)** : विश्वविद्यालय सेवा वा सम्बन्धनप्राप्त क्याम्पसका शिक्षकहरूबाट निर्धारित ढाँचामा तयार गरिएका अनुसन्धान प्रस्ताव **२०६६ मंसीर २६** गतेसम्म बुझाउनु पर्ने छ ।

(घ) **अपांग विद्यार्थि सहयोग** : स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूलाई सोधग्रन्थ तयार गर्न आर्थिक सहयोग उपलब्ध गराइने छ । यसका लागि आयोगको कार्यालयमा सम्पर्क गर्नु पर्ने ।

(ङ) **नियमित अनुदान र भौतिक सुविधा विकास** : सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूबाट कार्यक्रममा तोकिए बमोजिम तथ्यांक विवरण फारम तथा भौतिक सुविधा विकास सम्बन्धी प्रस्तावहरु **२०६६ माघ १ गतेदेखि फागनु १५** गतेसम्ममा बुझाउनु पर्ने छ । साथै तथ्याङ्क २०६६ पौष १५ सम्मको समावेश हुनु पर्नेछ ।

**थप जानकारीका लागि आयोगको कार्यालयमा सम्पर्क गर्नुहोला ।**

**फर्म तथा गुणस्तर सुधार पुस्तिका आयोगको** Website: www.ugcnepal.edu.np बाट अथवा आयोगको कार्यालय, सानोठिमीबाट प्राप्त गर्न सकिनेछ ।

**विश्वविद्यालय अनुदान आयोग**

**सानोठिमी, भक्तपुर**

**फोन नं. ६६३८५४८, ६६३८५४९, ६६३८५५०, पो.ब.नं. १०७९६**